# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(दर्ता नं. १०८३/०६५/०६६)
को
## सातौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
(माईन्यूट)

**१. बैधानिक सभा:**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०८१ साल जेष्ठ २८ गते सोमबार, (तदनुसार जुन १०, २०२४)
स्थान : आम्रपाली ब्याङ्केट क्याटरिङ्ग एण्ड इभेन्ट प्रा.लि, भाटभटेनी, नक्साल, काठमाण्डौं ।
समय : बिहानको ११:०० बजे ।

**३. सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सूचना प्रथम पटक मिति २०८१/०२/०४ र दोस्रो पटक मिति २०८१/०२/१७ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, उक्त सूचनासँगै कम्पनी ऐन, २०६३ को दफा ८४(४) बमोजिम आर्थिक बर्ष २०७९/०८० को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशित गरिएको थियो । सञ्चालक समितिले सो साधारण सभामा प्रस्तुत गर्ने सामान्य/विशेष प्रस्ताव र कम्पनी ऐन, २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइनुका साथै कम्पनीको आधिकारीक वेबसाईट www.imelifeinsurance.com मा समेत राखिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी निकाय श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल बीमा प्राधिकरण, श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, कम्पनीका आन्तरीक लेखापरीक्षक तथा बाह्य लेखापरिक्षकलाई पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

४. छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिबेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७९/०८० (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह बिवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) कम्पनीको आर्थिक बर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूंजी रु. ४,००,००,००,०००। (अक्षरेपी चार अर्ब मात्र) को २५% (अक्षरेपी पच्चिस प्रतिशत) का दरले हुने रकम १,००,००,००,०००। (अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरीएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ १.३१५८% (अक्षरेपी एक दशमलव तिन एक पांच आठ प्रतिशत) ले हुने रु ५,२६,३१,५७९। (अक्षरेपी पाँच करोड छब्विस लाख एक्तिस हजार पांच सय उनासी रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(५) सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न एक (१) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

(६) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा पुनरावलोकन सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :

(१) सञ्चालक समितिबाट प्रस्ताव भई नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भए बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु.४,००,००,००,०००। (अक्षरेपी चार अर्ब मात्र) को २५% (अक्षरेपी पच्चिस प्रतिशत) का दरले हुने रकम रु. १,००,००,००,०००। (अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(२) बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ५,००,००,००,०००। (अक्षरेपी पाँच अर्ब मात्र) कायम हुने भई हाल कायम कम्पनीको पूंजी संरचना परिवर्तन हुने भएकोले कम्पनीको प्रबन्ध–पत्र तथा नियमावलीमा सोही बमोजिम संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३) कम्पनीको प्रबन्ध–पत्र तथा नियमावली संशोधन गर्ने तथा नियमनकारी निकायबाट प्रबन्ध–पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(४) कम्पनीको मिति २०८०/०९/०४ गते बसेको सञ्चालक समितिको १८०औं बैठकले सञ्चालक समितिमा रिक्त रहेको संस्थापक शेयरधनी समूहमा बाँकी कार्यकालका लागि संस्थापक शेयरधनीहरुबाट सञ्चालकहरुको नियुक्ति गरेकोमा सो नियुक्ति अनुमोदनका सम्बन्धमा ।

(५) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम कम्पनीको आर्थिक बर्ष २०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

५.उपस्थितिः

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरुः**

| | |
|---|---|
| १. डा. रामहरि अर्याल | अध्यक्ष |
| २. श्री उषा ढकाल, प्रतिनिधि श्री एक्रश मनि ट्रान्सफर प्रा.लि | सञ्चालक |
| ३. श्री विनोद के.सी. | स्वतन्त्र सञ्चालक |
| ४. श्री सिताराम थापा | सञ्चालक |
| ५. श्री संदीप अग्रवाल | सञ्चालक |

**५.२ अन्य पदाधिकारीको उपस्थितिः**

| | |
|---|---|
| १. श्री कवि फुयाँल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दिनेश बहादुर अमात्य | प्रमुख सञ्चालन अधिकृत |
| ३. श्री गणेश चौलागाई | प्रमुख, बजार व्यवस्थापन अधिकृत |
| ४. श्री सुदिप राणा | प्रमुख, जोखिमाङ्कन विभाग |
| ५. श्री जगत बहादुर बोहरा | प्रमुख, वित्त विभाग |
| ७. श्री चन्द्र प्रसाद भट्टराई | प्रमुख, बागमती प्रदेश |
| ८. श्री सुनिल अचार्य | प्रमुख, तालिम विभाग |
| ९. श्री श्रीराम पोखरेल | प्रमुख, माइंक्रो बिजिनेस |
| १०. श्री त्रिलोचन रावत | प्रमुख, जोखिम तथा परिपालन विभाग |
| ११. श्री ममता जैसवाल | सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन अधिकृत |
| १२. श्री प्रकाश न्यौपाने | कम्पनी सचिव/प्रमुख, दावी विभाग |

१३. श्री नारायण पौडेल — प्रमुख, एजेन्सी विभाग

१४. श्री सन्दीप सुवेदी — प्रमुख, सूचना प्रविधि विभाग

१५. श्री हेमहरि श्रेष्ठ — प्रमुख, मानव संशाधन तथा प्रशासन विभाग

१६. श्री कृपा रेग्मी — प्रमुख, ग्राहक सेवा

१७. श्री कृतन राजभण्डरी — प्रमुख, ब्रान्डिङ विभाग

१८. श्री जनक प्रसाद फुयाँल — प्रमुख, वैदेशिक रोजगार विभाग

१९. अमित पचाई — प्रमुख, बीमाङ्कीय विभाग

५.३ आमन्त्रित :

१. श्री नेपाल बीमा प्राधिकरण — –
२. श्री नेपाल धितोपत्र बोर्ड — –
३. श्री नेपाल स्टक एक्सचेञ्ज — –
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय — श्री बसन्त बहादुर खत्री
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड — –
६. श्री पि.वाई.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म, वाह्य लेखापरीक्षक — –
७. श्री बी. बी जोशी एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म, आन्तरीक लेखापरीक्षक — –
८. श्री निर्वाचन अधिकृत — श्री लीलामणि पौडेल

५.४ शेयरधनीहरुको उपस्थिति:

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या: १,०५७ ।
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या: १६ ।
३. जम्मा उपस्थित संख्या : १०७३ ।

**६.गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)**

| विवरण (समूह) | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि) | (स्वयं तथा प्रतिनिधि मार्फत) |
| संस्थापक शेयरधनी | २,८०,००,०००।०० | ४७ | १२ | १,६२,२७,१२८।०० | ९,१८०,०६८।०० | ५९ | २,५४,०७१९६।०० |
| सर्वसाधारण | १,२०,००,०००।०० | १,०१० | ४ | २,१३,१९७।०० | ४२,४२०।०० | १,०१४ | २,५५,६१७।०० |
| कूल शेयर संख्या | ४,००,००,०००।०० | १,०५७ | १६ | १,६४,४०,३२५।०० | ९२,२२,४८८।०० | १,०७३ | २,५६,६२,८१३।०० |
| | | | | | कूल प्रतिशत (%) | ६४.१६% | |

### ७. सभाको बैधानिकताः

७.१ कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनीको नियमावलीको नियमको २३ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको कम्तिमा ५१ प्रतिशतको शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थिति नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन भन्ने व्यवस्था रहेकोमा यस कम्पनीको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १०५७ र प्रतिनिधिहरु मार्फत प्रतिनिधित्व गर्नेहरुको संख्या १६ गरी जम्मा १०७३ भएको र कुल शेयरको ६४.१६६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ यस कम्पनीको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहानको ११:०० बजे अध्यक्ष डा. रामहरि अर्यालज्यूको अध्यक्षतामा यस कम्पनीको सातौं वार्षिक साधारण सभा सुरु भयो ।

### ८. वार्षिक साधारण सभाको प्रस्तुतिः

१. सभाका अध्यक्षज्यूले उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सुचि अनुसार आ.व.२०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदनका सम्बन्धमा अध्यक्षज्यूले विस्तृतरुपमा जानकारी दिनुभयो र छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नु भयो । संगसँगै लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसुचिहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा विस्तृतरुपमा सभा समक्ष पेश गर्नुभयो । सो सम्बन्धमा लेखापरीक्षण सहितको २०८० आषाढ मसान्त सम्मको रु. १४,५१,६७,६८,२४६। (अक्षरेपी चौध अर्ब एकाउन्न करोड सतसट्ठी लाख अठसट्ठी हजार दुई सय छयालिस रुपैया मात्र) को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र खुद मुनाफा (आयकर पश्चात) रु. २०,९९,८८,३३८। (अक्षरेपी बीस करोड उनान्सय लाख अठासी हजार तिन सय अठतिस रुपैया मात्र) रहेको आ.व.२०७९/०८० को नाफा नोक्सान हिसाब तथा महा–विपत्ति कोष वापत रु. २,१९,०९,०३३। (अक्षरेपी दुई करोड उन्नाइस लाख नौ हजार तेत्तिस रुपैया मात्र), स्थगन कर जगेडा वापत रु. ९१,०१,९९६। (अक्षरेपी एकानब्बे लाख एक हजार नौ सय छयानब्बे रुपैया मात्र) र अन्य जगेडा वापत रु. १,७१,३९,६६७। (अक्षरेपी एक करोड एकहत्तर लाख उनन्चालिस हजार छ सय सतसट्ठी रुपैया मात्र) छुट्याई अघिल्लो बर्षसंग सम्बन्धीत खर्च रु. ३९,५१,५५४। (अक्षरेपी उनन्चालिस लाख एकाउन्न हजार पाँच सय चौवन्न रुपैया मात्र) समायोजन गरी बाँकी रहेको संचित मुनाफा र गत वर्षसम्मको संचित मुनाफाबाट स्थानान्तरण गरीएको संचित मुनाफा रु. ४०,६९,१६,९१०। (अक्षरेपी चालिस करोड उनन्सत्तरी लाख सोह्र हजार नौ सय दश रुपैया मात्र)

सहित संचित मुनाफा रु. ६१,७०,८६,३२३। (अक्षरेपी एकसट्ठी करोड सत्तरी लाख छयासी हजार तीन सय तेइस रुपैया मात्र) बासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ३७,६६,८३,००४। (अक्षरेपी सैंतिस करोड छयसट्ठी लाख त्रियासी हजार चार रुपैया मात्र) भएको नगद प्रवाह विवरण सहितको बासलात, नाफा-नोक्सान हिसाब विवरण छलफलको निमित्त सभा समक्ष पेश गर्नु भयो ।

**९. छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरुः**

९.१ यस कम्पनीको आ.व.२०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०७९/०८० (NFRS बमोजिम) को बासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसुचिहरु सहितको वित्तीय विवरण माथि आ-आफ्नो मन्तव्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको कममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री उत्तम दत्त पाण्डे ।
२. श्री उद्धव प्रसाद घिमिरे ।
३. श्री गुण राज भट्ट ।
४. श्री ई. बैजु नाथ रौनियार ।
५. श्री ब्रम्हदेव शाक्य ।
६. श्री भक्ति प्रसाद उप्रेति ।
७. श्री शत्रुघन श्रेष्ठ ।
८. श्री सुदिप श्रेष्ठ ।
९. श्री अमिर दास रञ्जित ।
१०. श्री चन्द्र नारायण श्रेष्ठ ।
११. श्री ध्रुवराज न्यौपाने ।
१२. श्री नरसिंह लाल चंखु ।
१३. श्री युगल बोसेल ।
१४. श्री कृष्ण प्रसाद अधिकारी ।
१५. श्री इन्द्र कृष्ण श्रेष्ठ ।
१६. श्री डमरु बल्लभ घिमिरे ।
१७. श्री लव राज जोशी ।
१८. श्री दिपक प्रधान
१९. श्री निरुपमा गुप्ता ।
२०. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित सुझाव)

**१०.छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका सराहनाः**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने कममा शेयरधनीहरुले सर्वप्रथम कम्पनीले सातौं वार्षिक साधारण सभा आयोजना गर्न सफल भएकोमा कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापनलाई हार्दिक बधाई व्यक्त गर्नुभयो । सर्वसाधारण तर्फ शेयर निष्काशन गरेको प्रथम बर्षमा नै २५% बोनस शेयर र सो शेयरमा लाग्ने कर प्रयोजनार्थ १.३१५८% नगद लाभांश वितरण गर्न सफल भएको कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह, कर्मचारी, कम्पनीमा आवद्ध सम्पूर्ण अभिकर्ताहरुलाई धन्यवाद दिनु भयो । कम्पनीले अरु जीवन बीमा कम्पनीहरुसंग merger विना पनि नेपाल बीमा प्राधिकरणबाट तोकेको चुक्ता पूंजी रु. ५

अर्ब कायम गर्न सफल भएकोमा सबैलाई धन्यवाद दिनु भयो । समग्रमा कम्पनीको आर्थिक सूचकांक सम्पूर्ण तवरमा सफल छ। कम्पनीको दावी भुक्तानी राम्रो रहेको देखिन्छ। दक्ष सञ्चालक समिति र युवा वर्गको व्यवस्थापकिय नेतृत्वले गर्दा कम्पनी सवल रहेको देखिन्छ । लगानीलाई विविधिकरण गरी उच्च प्रतिफल प्राप्त गर्ने क्षेत्रको पहिचान गरी लगानी गर्नुपर्ने देखिन्छ । कम्पनीले EPS वृद्धि गर्ने कार्यमा लाग्नु पर्ने देखिन्छ। कम्पनीको आफ्नो नाममा जग्गा खरिद गरी कर्पोरेट कार्यालयका लागि भवन निर्माण गर्नुपर्ने देखिन्छ । लेखापरीक्षण तथा परिपालनमा थप ध्यान दिनुपर्ने देखिन्छ। आगामी वर्षमा पनि दोहोरो अंकको लाभांश दिन सफल होस् । समयमा वार्षिक साधारण सभा सम्पन्न गर्न सफल होस् अग्रीम शुभकामना छ ।

## ११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :

छलफलको क्रममा शेयरधनी वक्ताहरुले बुँदागतरुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना, सुझाव एवं मन्तव्य व्यक्त गर्नु भएको थियो ।

### १. श्री उत्तम दत्त पाण्डे ।

कम्पनीका सातौं वार्षिक साधारण सभाका अध्यक्ष, सञ्चालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत उच्च व्यवस्थापन समिति, कम्पनीका कम्पनी सचिव तथा सम्पूर्ण शेयरधनीहरुलाई ग्रष्म ऋतुको अभिवादन गर्दछु । नेपालमा नयाँ बीमा कम्पनीहरु आउने क्रम भई रहेकोले बजार प्रतिस्पर्धात्मक भईरहेको छ । कम्पनीलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट व्यापार व्यवसायमा असर पारिरहेको भएता पनि कम्पनीले आर्थिक वर्ष २०७९/०८० को मुनाफाबाट २५% बोनस शेयर र उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि नगद लाभांश दिनु राम्रो विषय हो त्यसका लागि सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यबाद दिन चाहन्छु। आगामी वर्ष दुई अंकको बोनस प्राप्त गर्ने विषयमा विश्वास लिएको छु। कम्पनीले पाँच अर्ब चुक्ता पूँजी पुऱ्याउन सफल भएकोमा धन्यवाद व्यक्त गर्दछु । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट व्यापार व्यवसायमा असर पर्दाका बाबजुद पनि कम्पनीको आर्थिक सुचकांक बृद्धि भएको छ। कम्पनीको भावि योजना छुट भएको देखिन्छ। आफ्नै भवन निर्माणका सम्बन्धमा कम्पनीको के कस्तो धारणा छ ? कम्पनी Emerging Award बाट सम्मानित हुन राम्रो कुरा हो । विशेष प्रस्तावमा CSR अन्तर्गतको रकम उल्लेख भएको भए राम्रो हुने थियो। बैठक भत्ता सम्बन्धमा सञ्चालक समितिले विचार पुर्‍याउनु पर्ने देखिन्छ। अन्त्यमा यस कम्पनीको सदैव उन्नति तथा प्रगतिको कामना गर्दछु ।

### २. श्री उद्धव प्रसाद घिमिरे ।

नमस्कार, यस सातौं वार्षिक साधारण सभामा उपस्थित भई Financial anyalsis गर्न दिनु भएकोमा सञ्चालक समितिका अध्यक्ष, सदस्य, Dynamic प्रमुख कार्यकारी अधिकृत, शेयरधनी महानुभावहरु, उपस्थित बीमाका विज्ञहरु, पत्रकार तथा कम्पनीका कम्पनी सचिव तथा कानून अधिकृतलाई धन्यवाद दिन चाहन्छु। कम्पनीको Portfolio size राम्रो छ। यस कम्पनीको सातौं वार्षिक साधारण सभा भएता पनि सर्वसाधारणका लागि पहिलो वार्षिक साधारण सभा हो । कम्पनीको आर्थिक सूचकांक राम्रो छ । अब कम्पनीले Reserve Surplus मा विचार पुर्‍याउनु पर्छ । कम्पनीको

Vision, Mission and objective राम्रो छ । कम्पनीको मानव संशाधनलाई राम्रो गर्न राम्रो नीति नियमको विकास गर्नुपर्छ । कम्पनीको व्यवस्थापन समूह तथा सूचना प्रविधिलाई थप मजबुत बनाउनु पर्छ । कम्पनीले समय समयमा Comparative Information दिने गरेकोमा कम्पनीलाई धन्यवाद दिन चाहन्छु । कम्पनीको Share holder fund लाई थप राम्रो बनाउनु पर्छ । अब कम्पनीले नीति निर्माणमा ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । वार्षिक बिवरणमा नेपालको नक्सामा आफ्नो कम्पनीको शाखा तथा उप–शाखाको भौगोलिक उपस्थिति राख्दा उचित हुने देखिन्छ । कम्पनीको वित्तीय बिवरण चाणक्य नीति जस्तै रहेको छ । शेयरधनीहरुलाई २५% बोनस शेयर दिई छोटो समयमा कम्पनीको चुक्ता पूंजी नेपाल बीमा प्राधिकरणले तोकेको बमोजिम पुर्‍याउन सफल भएकोमा कम्पनी अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, कम्पनीका आन्तरीक तथा बाह्य लेखापरीक्षकलाई धन्यवाद दिन चाहन्छु । जय आई.एम.ई. लाइफ इन्स्योरेन्स ।

### ३. श्री गुण राज भट्ट ।

आई.एम.ई. लाइफको सातौं वार्षिक साधारण सभामा उपस्थित सभाका सभाध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, कम्पनीका कर्मठ तथा अनुशासित कर्मचारी साथिहरु, पत्रकारहरु र यस विशाल हलमा उपस्थित शेयरधनी मानुभावहरुमा म गुण राज भट्टको नमस्कार । कम्पनीको लागि सातौं वार्षिक साधारण सभा भएता पनि हामी जस्ता सर्वसाधारण शेयरधनीहरुका लागि पहिलो साधारण सभा हो । यस कम्पनीमा राम्रो संस्थागत सुशासन रहेकोले प्रारम्भिक शेयर निष्काशन गरेको प्रथम वर्षमा नै कर बाहेक २५% बोनस शेयर दिन सफल भएको छ । कम्पनीले अन्य कुनै पनि जीवन बीमा कम्पनीहरुसंग मर्जर गर्नु नपरी चुक्ता पूंजी ५ अर्ब पुर्‍याउन सफल भएकोमा सञ्चालक समिति तथा कम्पनीलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी बर्ष अझ उत्कृष्ट नतिजा ल्याउन सफल भई बढी लाभांश पाउने वातावरण सिर्जना गर्नुपर्छ । यस कम्पनीको सञ्चालक समितिको नेतृत्व नेपाल सरकारको सचिव तथा नेपाल राष्ट्र बैंकको सञ्चालक जस्तो गरिमामय पदको व्यक्तिले गरीरहेको हुँदा भविष्यमा थप कम्पनीको राम्रो प्रगति हुने विश्वास लिएको छु । जुन कुरा उहाँको नेतृत्वमा कम्पनीले २५% बोनस शेयर दिन सफल हुनुबाट प्रमाणित हुन्छ । आई.एम.ई. लाइफ आईएमई ग्रुप अन्तर्गत रहेकोले आईएमई ग्रुपका सबै कम्पनीमा राम्रो रहेका छन् । हाललाई सर्वसाधारणले यस कम्पनीको शेयर बेच्नु पर्ने अवस्था हुन्न । यसले भविष्यमा राम्रो प्रतिफल दिन्छ । नेपाल सरकारले जीवन बीमा गर्नेलाई रु. ४० हजारको कर छुट नभई रु. १ लाख सम्म दिनुपर्ने आवश्यकता देखिन्छ । कम्पनीले जीवन बीमाको पहुँचमा सम्पूर्ण नेपालीहरुलाई आकर्षित गर्न सफल होस । सातौं वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु ।

### ४. श्री ई.बैजु नाथ रौनियार ।

यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभाका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, management team, सम्पूर्ण कर्मचारीहरु शेयरधनी मानुभाव, दाजु, भाई तथा दिदि बहिनिहरुमा म ई.बैजनाथ रौनियारको तर्फबाट हार्दिक अभिवादन तथा नमस्कार । कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट २५% का दरले हुने रकम रु. १,००,००,००,०००। बराबरको बोनस शेयर उक्त बोनस शेयरमा

लाग्ने कर प्रयोजनार्थ १.३१५८८% ले हुने रु ५,२६,३१,५७९। नगद लाभांश गरी जम्मा २६.३१५८८% लाभांश वितरण गर्न र तोकिएको चुक्ता पूँजी ५ अर्ब पुर्याउन सफल भएकोले म बधाई दिन चाहन्छु। अध्यक्षज्यूको मन्तव्यले चालु आर्थिक वर्ष २०८०/०८१ को ९ महिनामा जीवन बीमा कम्पनीहरुले अघिल्लो आर्थिक वर्ष भन्दा बढी बीमा शुल्क आर्जन गर्न सफल भएको, कम्पनीको जगेडा तथा कोष आर्थिक वर्ष २०७९/०८० भन्दा चालु आर्थिक वर्षको चैत्रसम्म ९.५२% ले वृद्धि भएको, त्यसैगरी जीवन बीमामा आफ्नो स्थान बढाउन सफल भई आर्थिक वर्ष २०७९/०८० मा कूल बीमा शुल्क तर्फ १६.९३% र खुद नाफा तर्फ ६१.७४% हासिल गर्न सफल भई Digitization र innovation मा उल्लेखनिय कार्य गरीरहेको सूचना अध्यक्षज्यूको मतव्यबाट प्राप्त भएकोले आगामी दिनमा राम्रो प्रतिफल प्राप्त गर्ने विश्वास लिएको छु। कम्पनीको EPS मा ध्यान दिनु पर्ने देखिन्छ। कम्पनीले आय कर तथा सम्पत्ति शुद्धिकरण बापत जरीवाना भुक्तानी गरेको देखिन आएकोले आगामी दिनमा कुनै किसिमको जरीवाना भुक्तानी गर्नु नपरोस भन्न चाहन्छु। कम्पनीको वित्तीय विवरण स्वीकृति गर्दा १२ शर्त सहित स्वीकृति गरेको देखिन्छ र त्यसको जवाफमा कम्पनीले आगामी दिनमा सुधार गर्ने उल्लेख भएको देखिन्छ। कम्पनीले लेखापरीक्षणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। बीमा समर्पणमा अभिकर्ता मार्फत विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ। अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना सहित आगामी दिनमा राम्रो लाभांशको आशा गर्दछु। जय आई.एम.ई. लाइफ इन्स्योरेन्स।

**५. श्री ब्रम्ह देव शाक्य।**

सबैलाई नमस्कार, यस साधारण सभामा आफ्ना तीन बुँदे भनाईहरु राख्न चाहन्छु। प्रथम, साधारण सभाको चार आयाम उपस्थिति, अध्यक्षता, एजेन्डा र छलफलका क्रममा कम्पनीले सञ्चालनमा आएको छोटो समयमा कम्पनीको जगेडा तथा कोष, जीवन बीमा कोषमा उल्लेखनियरुपमा रकम वृद्धि गर्न सक्नु सुखद पक्ष छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा बृद्धिको मात्रा बढी रहेको जानकारी हुनु उत्साहयोग्य छ। नेपाल बीमा प्राधिकरणले तोकेको चुक्ता पूँजी कायम गर्न अन्य कम्पनीहरुसंग merger मा नगई कम्पनीद्वारा अपनाईएको कदम प्रशंसनिय छ। यसका अत्तिरिक्त कम्पनीले सबै सरोकारवालाहरुको हितमा व्यवसायमा Digitization and Innovation गर्ने रणनीति कम्पनीको प्रमुख कार्यकारी अधिकृतको मन्तव्यमा देख्दा हाम्रो लगानी प्रति थप गौरवान्वित पार्नुका साथै आकर्षक प्रतिफल पाउने कुरामा निर्धक्क पारिदिएको छ। दोस्रो, कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च अनुमोदन गर्दछु। कम्पनीले वित्तीय साक्षरता गरीरहेको व्यहोरा प्राप्त प्रतिवेदनबाट देखिन्छ हाल बजारमा बीमा प्रति फैलिरहेका नकारात्मक तथा भ्रामक कुराहरु हटाउन बीमा साक्षरता जस्ता कार्यक्रमहरु राख्न सुझाव दिन्छु। जस्ले गर्दा प्रतिवेदनमा उल्लेखित बीमा साक्षरता तथा जनचेतनाको कमी हुनु भन्ने विषयलाई सम्बोधन गर्न सक्छ। तेस्रो, आर्थिक दृष्टिकोणले अनुकुल नभएको आर्थिक वर्षमा समेत कर प्रयोजनका लागि नगद लाभांश बाहेक २५% बोनस शेयर दिन सक्ने प्रस्ताव गर्ने गरी काम गर्नुका साथ साथै कम्पनीको उन्नति र प्रगतिका लागि काम गर्नु भएका सञ्चालक समिति, व्यवस्थापन समूह, कर्मचारीहरु एवम् बीमा एजेन्टलाई धन्यवाद अर्पण गर्दछु। आगामी दिन अझ शुभ होस भन्दै

यस सभाबाट सर्वसाधारण शेयरधनी समूहबाट निर्वाचित हुनु हुने सञ्चालकलाई सफल कार्यकालको कामना गर्दै अन्त्यमा नागरिकहरुको आर्थिक सुनिश्चितताका लागि अति आवश्यक रहेको जीवन बीमा कार्यमा पनि व्यवसायिक चुनौती र प्रतिस्पर्धा एवम राष्ट्रिय तथा आतर्राष्ट्रिय घटनाहरुले असर पर्ने हुँदा व्यवसाय अद्यावधिक भइरहनु पर्ने आवश्यकता हुन्छ यस परिपेक्षमा प्रतिफल होसपूर्ण रहोस भन्ने राष्ट्रिय बिभूति शाङ्खधर साख्वाको भनाई राख्दै बिदा हुन्छु । सबैको मंगल होस ।

**६. श्री भक्ति प्रसाद उप्रेति ।**

यस लाइफ इन्स्योरेन्सको सातौं वार्षिक साधारण सभाको सफलताको कामना गर्न चाहन्छु । सर्वप्रथम शेयरधनीहरुको प्रथम चासोको रुपमा रहेको वार्षिक प्रतिवेदन तयार भएको वर्ष कम्पनीले कति लाभांश वितरण गर्न सफल भए भन्ने हुन्छ ? सर्वसाधारणसंग पहिलो वार्षिक साधारण सभा गरेको वर्षमा २५% बोनस शेयर र १.३१५८% नगद लाभांश प्रस्ताव गर्न सफल भएकोमा कम्पनीको सञ्चालक समिति, व्यवस्थापन समिति तथा समूह र सबै तहका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । यहाँहरुको अथक प्रयास तथा लगनशिलताले आज यो लाभांश प्राप्त गर्न सफल भएको हो । यही लगनशिलता कायम रहे आगामी वर्षमा उच्च प्रतिफल पाउने विश्वास लिएको छु । कम्पनीको Crafting Resilient Futures भन्ने नारा सच्चै नै राम्रो रहेको छ, यसको सफलताको कामना गर्दछु । कम्पनीको साधारण सभा सञ्चालन निर्धारित समयमा भएकोले धेरै खुशि छु । कम्पनीका हरेक काम समयमा नै होस् भन्ने कामना गर्दछु । कम्पनीले आफ्नो भवन निर्माणका लागि पञ्च वर्षे रणनीति बनाई लागु गर्नुपर्ने देखिन्छ । यस कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकले कम्पनीको हाल सञ्चालक समितिमा रहेको शैक्षिक स्तरियता तथा अनुभवमा ठूलो योगदान पुर्याइ कम्पनीलाई नयाँ उचाईमा पुर्याउनु हुन्छ भन्ने आशा सहित उहाँ सफल कार्यकालको कामना गर्दछु । देशको अर्थतन्त्रको बाबजुद पनि शेयरधनीहरुलाई उचित प्रतिफल दिन सफल भएकोमा खुशि व्यक्त गर्दै आगामी दिन पनि राम्रो लाभांशको कामना गर्दछु । अन्त्यमा यस साधारण सभामा पेश भएको सामान्य तथा विशेष प्रस्तावहरुको समर्थन गर्दछु ।

**७. श्री शत्रुघन श्रेष्ठ ।**

यस उत्कृष्ट लाइफ इन्स्योरेन्स कम्पनीको सातौं वार्षिक साधारण सभाका अध्यक्ष, dynamic प्रमुख कार्यकारी अधिकृत, युवा कम्पनी सचिव तथा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । कम्पनीले छोटो समयमा तत्काल कायम रहेका चुक्ता पूँजी रु. १ अर्ब ४० करोडको शत प्रतिशत बराबरको पूँजी थप गरी रु. २ अर्ब ८० करोड कायम गरेको थियो । तत्पश्चात कम्पनीले सर्वसाधारणका लागि तत्काल कायम रहेका जारी पूँजी रु. ४ अर्ब को ३०% ले हुन आउने १ अर्ब २० करोड बराबरको शेयर सर्वसाधारण तर्फ निष्काशन गरेकोमा कम्पनीलाई धन्यवाद छ । आई.एम.ई ग्रुप राम्रो ग्रुप भएका हुँदा सो संग सम्बन्धीत सम्पूर्ण कम्पनीहरुले राम्रो

प्रतिफल दिने गर्छ । यो कम्पनी नयाँ जीवन बीमा कम्पनीहरु मध्ये सर्वोत्कृष्ट कम्पनी हो । कम्पनीको सञ्चालक समिति राम्रो हुनुका साथै यस कम्पनीको नेतृत्वमा युवा वर्ग रहेको हुँदा कम्पनीको व्यवसाय पनि आक्रमक रहेको छ । कम्पनीले दावी भुक्तानीका सम्बन्धमा अन्य कम्पनीको तुलनामा छिटो तथा झन्झट रहित तवरमा दिने भएकोले पनि कम्पनी राम्रो रहेको छ । खुद नाफा तथा जीवन बीमा कोषमा निरन्तर वृद्धि हुनुले पनि यो कम्पनी सर्वोकृष्ट कम्पनी रहेको हो । कम्पनीको संस्थागत सुशासन, सञ्चालक समिति, कर्मचारीहरु राम्रो रहेको हुँदा आगामी दिनमा उत्तरोउत्तर प्रगतिको कामना गर्दै यो कम्पनी जीवन बीमा कम्पनीहरु मध्ये Number 1 Company बनोस् भन्दै विदा हुन्छु । जय आई.एम.ई. लाइफ ।

**८. श्री सुदिप श्रेष्ठ ।**

आदरणीय सभाध्यक्षज्यू यस साधारण सभामा आफ्नो भनाई राख्न दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । सर्वसाधारण तर्फ शेयर जारी भएको पहिलो वर्षमा नै २५% बोनस दिई नेपाल बीमा प्राधिकरणबाट तोके बमोजिमको ५ अर्ब चुक्ता पूँजी कायम गर्न सफल हुन सुखद पक्ष हो । कम्पनीले आर्थिक वर्ष २०७८/०७९ को तुलनामा आर्थिक वर्ष २०७९/०८० मा आर्थिक सुचाकंक वृद्धि गर्न सफल भएको देखिन्छ । मेरुदण्डकोरुपमा रहेका अभिकर्ताको शिप तथा दक्षता अभिवृद्धिका लागि विभिन्न सेमिनार तथा गोष्ठीहरुको अयोजना गरीएको व्यहोरा प्राप्त वार्षिक प्रतिवेदनमा समावेश भएका तस्विरहरुबाट देखिन्छ । अभिकर्ता कमिशन आर्थिक वर्ष २०७८/०७९ को तुलनामा आर्थिक वर्ष २०७९/०८० मा कम भएको देखिन्छ के कति कारणले हो, जानकारीका लागि अनुरोध छ ? चालु आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्म कम्पनीको कूल बीमा शुल्कमा वृद्धि भएको देखिएको हुँदा आगामी वर्षमा पनि उचित प्रतिफल प्राप्त गर्ने विश्वास लिएको छु । सामाजिक उत्तरदायित्वमा कम्पनीले खर्च गरेको देखिएको भएता पनि वृद्ध आश्रममा रहेका वृद्धाहरुलाई लत्ता, कपडा तथा स्वास्थमा खर्च गरीदिए थप राम्रो हुन्थ्यो । कम्पनीको भावि रणनीतिका बारेमा जानकार हुन चाहन्छु ।

**९. श्री अमिर दास रञ्जित ।**

आईएमई ग्रुपद्धारा प्रवर्द्धन भएको कम्पनीका अध्यक्षज्यू, सञ्चालक ज्यूहरु, पत्रकार तथा शेयरधनी मित्रहरु म अमिर दास श्रेष्ठको नमस्कार । सर्वप्रथम शेयरधनीहरुले लगानी गरे पछि हेर्ने भनेको लगानीको प्रतिफल, वार्षिक साधारण सभा समयमा भएको नभएको र वार्षिक विवरण नै हो । प्रिमियममा शेयर निष्काशन गरे पश्चात बोनस शेयर र नगद लाभांश वितरण गर्न सफल भई नेपाल बीमा प्राधिकरणबाट तोके बमोजिम चुक्ता पूँजी कायम गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु । सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिको समानता कायम गर्नुपर्ने विषयमा ध्यान दिनुपर्ने हो की ? सञ्चालक समितिको बैंठक भत्ता वृद्धिका सम्बन्धमा विचार गर्नुपर्ने हो की ? कम्पनीको लगानी पोटफोलियो राम्रो छ अब लगानीलाई विविधिकरण गर्नुपर्ने विषयमा ध्यान

दिनुपर्ने देखिन्छ । अन्त्यमा लाभांश सम्बन्धी व्यवस्थामा progressive and consistent नीति बनाई लागु गर्नुपर्ने देखिन्छ ।

**१०. श्री चन्द्र नारायण श्रेष्ठ ।**

कम्पनीले शेयरधनीहरुलाई २५% बोनस शेयर र सो शेयरमा लाग्ने कर प्रयोजनार्थ १.३१५८% नगद लाभांश गरी कूल २६.३१५८% लाभांश दिने प्रस्तावका लागि सञ्चालक समितिका अध्यक्ष, सदस्य, कम्पनीका कार्यरत सम्पूर्ण कर्मचारी, अभिकर्ताहरुको योगदान प्रति सबैलाई धन्यवाद भन्न चाहन्छु । देशको यस किसिमको आर्थिक अवस्थामा पनि total Premium growth मा industry average भन्दा उच्चरुपमा वृद्धि गर्न सफल भएकोमा खुशि व्यक्त गर्दछु । समकालीन जीवन बीमा कम्पनी भन्दा दावी भुक्तानी राम्रो रहेको छ । कम्पनीको प्रमुख लक्ष्य भनेको नेपाली जनताको सुरक्षित भविष्य हो । अन्त्यमा NFRS 17 का सम्बन्धमा इच्छुक शेयरधनीहरुलाई पनि जानकारी दिए राम्रो हुने थियो ।

**११. श्री ध्रुव राज न्यौपाने ।**

मञ्चमा आसिन अध्यक्षज्यू, सञ्चालक समितिका सदस्य र सम्पूर्ण महानुभावहरु, कम्पनीको आर्थिक सुचाकंक सबै राम्रो छ । कम्पनीको व्यवस्थापन खर्च घटेको देखिन्छ जुन राम्रो पक्ष हो । आर्थिक वर्ष २०८०/०८१ मा कम्पनी सुचिकृत भएता पनि हामीलाई आर्थिक वर्ष २०७९/०८० को मुनाफाबाट बोनस शेयरको हकदार बनाईदिनु भएका धेरै धेरै धन्यवाद छ । कम्पनीले Return of earning मा ध्यान दिनुपर्ने देखिन्छ । आगामी बर्षहरुमा कम्पनीले समयमा कर बिवरण पेश गर्नुपर्ने देखिन्छ । कम्पनीले आफ्नै नाममा भवन तथा जग्गा जोड्नु पर्ने देखिन्छ । कम्पनीले बैदेशिक म्यादी बीमालेखको दायरलाई फराकिलो बनाउनु पर्ने देखिन्छ । कम्पनीका MDRT, COT, TOT हरुको तस्विरहरु वार्षिक प्रतिवेदनमा समावेश गरेमा निजहरुलाई ठूलो प्रोत्साहन हुन्थ्यो ।

**१२. श्री नरसिंह लाल चंखु ।**

यहाँ उपस्थित हुनुभएका सबैलाई नमस्कार छ । कूल २६.३१५८% बोनस शेयर सहित नगद लाभांशका लागि सञ्चालक समिति, व्यवस्थापन तथा मानव संशाधनलाई धन्यवाद दिन चाहन्छु । कम्पनीको Business acitivity and Business promotion मा सुधार भएको पाइन्छ । बर्तमान बजारमा business intelligence लगायतका business expansion मा ध्यान दिनुपर्ने देखिन्छ । कम्पनीको NII Ratio, investment in deposite एवम loan प्रवाहबाट income मा वृद्धि भएको छ । Reserve fund र Net worth मा वृद्धि भएको देखिन्छ । कम्पनीको Return earning Ratio पनि बलियो भएको देखिन्छ । त्यसैगरी कम्पनीको Expenses ratio मा पनि वृद्धि भएको देखिन्छ । कम्पनीले Investment adjustment reserve पनि राख्नु पर्ने भएकोले Net Profit मा विगत भन्दा केहि हदसम्म गिरावट आएको देखिन्छ । कम्पनीको EPS मा पनि केहि हदसम्म गिरावट आएकोले आम्दानीका शिर्षकलाई मजबुद बनाउनु पर्ने र Cost of Fund लाई घटाउनु पर्छ । Policy holder

बाट उठाउनु पर्ने ब्याज र अभिकर्ताबाट प्राप्त गर्नुपर्ने ऋण तथा ब्याज उठाउनका लागि कम्पनीले ध्यान दिनुपर्ने देखिन्छ । कम्पनीले मुद्दती निक्षेपमा ७ अर्ब लगानी गरेकोले हालको ब्याजदरको घट्दो क्रमले गर्दा income मा असर परेको देखिन्छ । कम्पनीको ROA, ROI, Return on revenue पनि सुधार गर्नुपर्ने देखिन्छ । कम्पनीको Solveny margin चित्त बुझ्दो छ । कम्पनीले शाखा कार्यालयहरुको कियाकलापलाई प्रर्वद्धन गर्नुपर्ने देखिन्छ । अन्त्यमा कम्पनीको सातौं वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु ।

**१३. श्री युगल बोसेल**

उपस्थित सबैमा नमस्कार । प्रस्तावित लाभांशको लागि, कूल बीमा शुल्क संकलनमा वृद्धिका लागि र व्यवस्थापन खर्च घटेकोमा धन्यवाद दिन चाहन्छु । आर्थिक वर्ष २०७९/०८० मा खुद नाफा ६१.७४% ले वृद्धि भएको देखिन्छ जुन उत्साहजनक छ । कम्पनीको EPS घटेको देखिन्छ कारण खुलाउनु हुनेछ भन्न आशा लिएको छु । समय अनुसार कर्मचारीको तलब, भत्ता वृद्धि हुन्छ त्यसैगरी सञ्चालक समितिको बैठक भत्तामा वृद्धि हुन्छ तर सञ्चालक समितिको बैठक भत्ता वृद्धिमा विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

**१४. श्री कृष्ण प्रसाद अधिकारी ।**

श्रवति वाचन सहित यस सभा तथा सभाध्यक्षलाई नमस्कार । छोटो समयमा २५% लाभांश बढ्न सफल भएकोमा धन्यवाद । छाँया चित्रलाई अझ परिस्कृत तवरले प्रस्तुत गर्नुपर्ने देखिन्छ । सञ्चालक समितिको बैठक संख्यामा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । नेपाली भाषामा वार्षिक विवरणहरु भएको भए अझ राम्रो हुन्थ्यो ।

**१५. श्री इन्द्र कृष्ण श्रेष्ठ ।**

नमस्कार आ.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका वर्तमान अध्यक्ष तथा सञ्चालक ज्यूहरुमा म इन्द्र कृष्ण श्रेष्ठको तर्फबाट । आज पहिलो पटक सर्वसाधारण तर्फबाट वार्षिक साधारण सभा गर्दैछौं । कम्पनीको तत्काल कायम चुक्ता पूँजी ४ अर्बको २५% बोनस शेयर र सो शेयरमा लाग्ने नगद लाभांश वितरण गर्ने प्रस्ताव राख्नु भएकोमा वर्तमान सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु तथा कर्मचारीहरुलाई धेरै धेरै धन्यवाद चाहन्छु । अब २५% बोनस शेयरले हुन आउने १ अर्बको बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी नेपाल बीमा प्राधिकरणले तोकिए बमोजिमको कायम हुनेछ । सञ्चालक समितिले बैठक संख्यामा ध्यानदिनु पर्ने देखिन्छ । अन्त्यमा आइ.एम.ई लाइफ इन्स्योरेन्सको वार्षिक साधारणसभाको सफलताको कामना गर्दछु ।

१६. श्री डमरु बल्लभ घिमिरे ।

मञ्चमा बस्ने सम्पूर्ण व्यक्तित्वहरु, कम्पनीका जन्मदाता, संस्थापकहरु, कर्मठ प्रमुख कार्यकारी अधिकृत देखि सम्पूर्ण कर्मचारी, पत्रकार तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु । सर्वसाधारणको पहिलो बार्षिक साधारण सभामा २५% बोनस शेयर सहित उक्त शेयर बापत लाग्ने कर प्रयोजनार्थ नगद लाभांश दिन सफल भएकोमा सम्पूर्णमा धेरै धेरै धन्यवाद व्यक्त गर्दछु । उक्त कार्यले हाम्रो लगानीको सुनिश्चितता गरेको देखिन्छ । कम्पनीले आर्थिक बर्ष २०७९/२०८० मा पूंजी बृद्धि गरी शेयर प्रिमियममा जारि गर्ने जस्ता अति आवश्यक विषयहरुमा छलफल गर्नको लागि बैठक संख्या बढेको मैले महशुस गरेको छु । आउने बर्षमा उक्त संख्यामा कमि आउने आशा लिएको छु । कम्पनीको सञ्चालक समितिको बैठक भत्ता बृद्धिका सम्बन्धमा बिचार गर्नुपर्ने दखिन्छ । आ.एम.ई ग्रुपबाट प्रर्वद्धन भएको कम्पनी हुँदा यो कम्पनी राम्रो कम्पनीको रुपमा रहेको छ । कम्पनीले आफ्नो ख्याति तथा गुडवीलका लागि भएपनि कर्पोरेट कार्यालय निर्माण गर्नुपर्ने सुझाव दिन चाहन्छु । कम्पनीको आठौं बार्षिक साधारण सभा समयमा नै सम्पन्न गरि अझ बढी लाभांश बितरण गर्न सफल होस् ।

१७. श्री लव राज जोशी ।

आ.एम.ई लाइफ इन्स्योरेन्सको सातौ वार्षिक साधारण सभाका आदरणीय अध्यक्ष, कम्पनीलाई व्यवस्थित बनाई जिम्मेवारी बोध गर्नुभएका सञ्चालक ज्युहरु, कम्पनीलाई रणनीति ढंगबाट अगाडी बढाउन लाग्नु भएका Young Energetic प्रमुख कार्यकारी अधिकृत, आदरणीय शेयरधनी महानुभावहरु, कर्मनिष्ठ सम्पूर्ण कर्मचारीहरुमा मेरो दीवाकालिन अभिवादन व्यक्त गर्न चाहन्छु । कम्पनीको चार अर्बको पूँजीमा २५% बोनस शेयर दिई पाँच अर्ब पुऱ्याउन सफल भएकोमा सबैलाई धन्यवाद दिन चाहन्छु । यस कम्पनीका संस्थापक आइ.एम.ई ग्रुपको नाम नै काफी छ, यस ग्रुपले बिभिन्न क्षेत्रमा लगानी गर्नाले रोजगारीको सृजना भएको छ । नेपालको अर्थतन्त्रमा पनि योगदान पुऱ्याएको अवस्था छ । उद्योग तथा वाणिज्य क्षेत्रमा यस ग्रुपको ठुलो योगदान रहेको छ । आगामी दिनमा बढी भन्दा बढी बीमाशुल्क संकलन गरि नेपालभर आफ्नो सञ्जाललाई बिस्तार गर्ने छ भन्ने बिश्वास लिएको छु । कर्मचारीहरुले पनि सोही बमोजिमको कार्य गरि कम्पनीलाई अघि बढाउने आशा लिएको छु ।

१८. श्री दिपक प्रधान ।

कम्पनीसंग शेयरधनीको रुपमा आवद्ध हुन पाएकोमा खुसी व्यक्त गर्दछु । २५% बोनस शेयरका लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु । सञ्चालक समितिको बैठक भत्ता बृद्धिका सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ । अर्न्तराष्ट्रिय स्तरमा कम्पनीको व्यापार व्यवसायको बजारिकरणमा ध्यान दिनु पर्ने देखिन्छ । फरक क्षमता भएका व्यक्तिहरुको लागि पनि जीवन बीमाको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । समय सापेक्ष नयाँ बीमालेख ल्याउनुपर्ने देखिन्छ ।

१९. श्री निरुपमा गुप्ता ।

Performance Value , EPS, PE Ratio , Book Value मा कम्पनीले ध्यान दिनुपर्ने देखिन्छ । कम्पनीको आगामी वार्षिक साधारण सभा समयमा गर्न अनुरोध गर्दछु । Reserve and Surplus , Net profit, ROE जस्ता आर्थिक सूचकांक राम्रो छ जुन सुखद पक्ष हो । सर्वसाधारण तर्फको प्रथम वार्षिक साधारण सभामा दोहोरो अंकको लाभांश दिन सफल भएकोमा यस कम्पनीको सञ्चालक समिति, कर्मचारीहरु तथा अभिकर्ताहरुको अथक प्रयासबाट सम्भव भएकोले सबैलाई धन्यवाद दिन चाहन्छु । उत्कृष्ट कम्पनीमा लगानी गर्न पाएकोमा आफूलाई गौरवान्वित महशुस गर्दछु । कम्पनीको उक्त कार्यले निरन्तरता पाइरहोस् । सामाजिक उत्तरदायित्व अन्तर्गत अशक्त व्यक्तिहरुलाई समेत सम्बोधन गरियोस् । त्यसैगरि कम्पनीको खर्चमा विचार गर्न अनुरोध गर्दछु । अन्त्यमा यस कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

२०. श्री लक्ष्मण बहादुर श्रेष्ठ ।

नमस्कार म शेयरधनी लक्ष्मण श्रेष्ठ । वार्षिक साधारण सभाका अध्यक्ष ग्रहण गर्नु भएका यस कम्पनीका अध्यक्षज्यू, सञ्चालकज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिव ज्यू लगायत सभामा उपस्थित शेयरधनीहरुमा मेरी नमस्कार ।

कम्पनीले यस आर्थिक वर्षमा शेयरधनीलाई २५% बोनस शेयर र १.३१५८% प्रतिशत नगद लाभांश दिन सफल भएकोमा व्यवस्थापन र कार्यसमितिलाई धेरै धेरै धन्यवाद । कम्पनीको वार्षिक प्रतिवेदन अनुसार कम्पनीको व्यवस्थापन खर्च अलिक बढी भएको देखिन्छ, यसमा कम्पनीले ध्यान दिनु पर्ने देखिन्छ । आफ्नै कर्पोरेट अफिस बनाउन पनि व्यवस्थापनलाई आग्रह गर्दछु । आगामी वर्षमा समयमा नै वार्षिक साधारण सभा सम्पन्न गर्नका लागि अनुरोध गर्दछु । आजको दिनसम्म कम्पनीलाई यहाँसम्म ल्याउन दिनरात नभनी काम गर्ने कर्मचारी प्रति धन्यवाद दिँदै आगामी दिनमा पनि यसै गरी काम गर्ने कर्मचारीहरुलाई सञ्चालक र उच्च व्यवस्थापनले उच्च मुल्याङ्कन गर्न हुन अनुरोध गर्दै साधारण सभामा पेश हुने प्रस्तावहरुमा मेरो पूर्ण समर्थन जनाउदै सातौ वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ:

अध्यक्षज्यूले शेयरधनीहरुको जिज्ञासाको जवाफ दिने क्रममा सम्पूर्ण सुझावहरुलाई मार्गदर्शनका रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । त्यसैगरी शेयरधनीहरुको उपस्थिति तथा प्राप्त राय, सल्लाह तथा सुझावका लागि धन्यवाद दिनुभयो ।

आजको वार्षिक साधारण सभामा भएको अन्तरक्रियामूलक कार्यले कम्पनीको सञ्चालक समिति, व्यवस्थापन, कर्मचारी तथा कम्पनीमा आबद्ध अभिकर्ताहरुमा थप उर्जा प्राप्त भएको जानकारी गराउनु भयो । कम्पनीले आफ्नो शेयधनीहरुलाई हाल वितरण गर्ने २५% बोनस शेयर र सो शेयरमा लाग्ने कर बापतको १.३१५८% नगद लाभांश यस कम्पनीका सञ्चालक समिति, व्यवस्थापन, कर्मचारी, अभिकर्ता र कम्पनीसंग प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा आबद्ध हुनुभएका

सरोकारवालाहरुको अथक मेहनत तथा लगनशीलताबाट सम्भव भएको जानकारी दिनुभयो । यस विषयले आगामी बर्षमा पनि शेयरधनीहरुलाई उच्च प्रतिफल दिन प्रेरित गरीरहेको जानकारी दिनु भयो । आगामी बर्षहरुमा कडा परिश्रमका साथ शेयरधनीहरुले आशा गरे बमोजिमको प्रतिफल दिन र शेयरधनीहरुको प्रशंसक बन्नका लागि कम्पनी लालइत रहेको व्यहोरा अनुरोध गर्नुभयो ।

कम्पनीको सञ्चालक समिति शेयरधनीहरुको प्रतिनिधि भएको हुनाले शेयरधनीहरुको लगानीको सुनिश्चितता गर्नु सञ्चालक समितिको प्रमुख दायित्व रहने हुँदा आज शेयरधनीबाट प्राप्त राय, सल्लाह तथा सुझावले कम्पनीको सञ्चालक समितिलाई थप जिम्मेवार बनाएको छ । सोही जिम्मेवारी बमोजिम शेयरधनीहरुको बिषयहरुलाई सम्बोधन गर्न र प्रतिफल दिन कम्पनीको सञ्चालक समिति सदैब प्रयासरत रहेको जानकारी दिनु भयो । कम्पनीको EPS घटनुको प्रमुख कारण पूँजी बृद्धि भएको र denominator बढे पछि nominator घटने व्यहोराको जानकारी गराउनु भयो । कम्पनीको EPS industry average भन्दा राम्रो रहेको जानकारी दिनुभयो । आर्थिक बर्ष २०७९/०८० मा सञ्चालक समितिको बैठक संख्या बढ्नुको प्रमुख कारण पूंजी बृद्धि, सर्वसाधारण तर्फ शेयर निष्काशन र सो सम्बन्धमा नियमनकारी निकायहरुबाट प्राप्त हुन निर्देशनहरु पालना गर्नका लागि बस्नु पर्ने बाध्यताले गर्दा भएको र आगामी बर्षहरुमा क्रमिकरुपमा कम हुदै जाने जानकारी दिनुभयो । त्यसैगरी कम्पनीको सञ्चालक समितिको बैठक नीतिगत र accumulated विषयहरुको निर्णय गर्न बस्ने जानकारी दिनुभयो ।

त्यसैगरी सञ्चालक समितिको बैठक भत्ता वृद्धिका सम्बन्धमा हरेक वार्षिक साधारण सभाबाट स्वीकृत गराउने विषय नभएको र पाँच बर्षमा एक पटक बढाउनु पर्ने आवश्यक भएको र सञ्चालक समितिले यस अघि संस्थापकहरुसंगको मात्र साधारण सभाबाट उक्त प्रस्ताव स्वीकृत गराउन सक्ने भएको भएता पनि सर्वसाधारण संग हुने पहिलो साधारण सभामा पेश गर्ने निर्णय बमोजिम उक्त प्रस्ताव पेश गरीएको जानकारी दिनुभयो । त्यसैगरी सञ्चालकको बैठक भत्ता life insurance industry को average गराउनु पर्ने भएकाले पनि बृद्धि गर्नुपर्ने जानकारी दिनुभयो । कम्पनीको पूंजी बृद्धि भएसँगै कम्पनीको सञ्चालक समितिको जिम्मेवारी तथा दायित्व समेत बृद्धि भएको र नियमनकारी निकायबाट सञ्चालकहरुलाई कम्पनीको प्रति जिम्मेवारी बनाई रहेको अवस्थामा Risk factor ले गर्दा पनि सञ्चालकको बैठक भत्ता बृद्धि गर्नुपर्ने जानकारी दिनुभयो । कम्पनीको सञ्चालकलाई retain गर्न र कम्पनीको सञ्चालक समितिमा दक्ष व्यक्तिलाई आकर्षण गर्न पनि सञ्चालक समितिको बैठक भत्ता बृद्धि गर्नुपर्ने जानकारी दिनुभयो ।

आफ्नै कर्पोरेट भवन निर्माणका सम्बन्धमा हाल कम्पनीको नाममा जग्गा खरिद गर्ने प्रक्रियाको अन्तिम चरणमा रहेकोले सो जग्गा खरिद गरे पश्चात कम्पनीको नाममा आफ्नै भवन निर्माण गर्ने जानकारी दिनुभयो ।

अन्त्यमा, अध्यक्षज्यूले शेयरधनीहरुको अपेक्षा बमोजिम अगामी वर्षमा उच्च लाभांश दिन कम्पनी सदैब कटिबद्ध रहेको जानकारी दिंदै यस सभा मार्फत व्यक्त भए/गरेका सम्पूर्ण सल्लाह तथा सुझावलाई औचित्यपूर्ण तवरले कार्यान्वयन गरी कम्पनीको व्यापार व्यवसाय बृद्धि गर्न एवं स्तरिय सहित अपेक्षित प्रतिफल वितरण गर्न कम्पनीको सञ्चालक समिति सदैब कटिबद्ध रहेको व्यहोरा जानकारी गराउनु भयो ।

१३. सभाको निर्णयः

(क) सामान्य प्रस्तावहरुः

**(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले सातौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गर्‍यो।

**(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि विस्तृतरुपमा छलफल गरी पारित गर्नका लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो।

**(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।**

आर्थिक वर्ष २०७९/०८० को लागि कम्पनीको वाह्य लेखापरीक्षककारुपमा नियुक्त भएको श्री पि.बाई.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म कम्पनी ऐन, २०६३ को दफा १११ को उप–दफा (३) बमोजिम लगातार तीन पटक नियुक्त भईसकेको र पुनः नियुक्त हुन योग्य नरहेकोले कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम आर्थिक वर्ष २०८०/०८१ को कम्पनीको लेखापरीक्षण सम्बन्धी कार्य गर्नका लागि श्री S.A.R. Associates Chartered Accountants फर्मलाई कम्पनीको वाह्य लेखापरीक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक मु.अ.कर सहित रु. ५,६५,०००। (अक्षरेपी पाँच लाख पैसट्टि हजार मात्र) दिने गरी उक्त फर्मलाई कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्न सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्‍यो।

**(४) कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु. ४,००,००,००,०००। (अक्षरेपी चार अर्व मात्र) को २५% (अक्षरेपी पच्चिस प्रतिशत) का दरले हुने रकम १,००,००,००,०००। (अक्षरेपी एक अर्व मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरीएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ १.३१५८% (अक्षरेपी एक दशमलव तिन एक पाँच आठ प्रतिशत) ले हुने रु ५,२६,३१,५७९। (अक्षरेपी पाँच करोड छब्बिस लाख एक्तिस हजार पाँच सय उनासी रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु. ४,००,००,००,०००। (अक्षरेपी चार अर्व मात्र) को २५% (अक्षरेपी पच्चिस प्रतिशत) का दरले हुने रकम १,००,००,००,०००। (अक्षरेपी एक अर्व मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरीएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ १.३१५८% (अक्षरेपी एक दशमलव तिन एक पाँच आठ प्रतिशत) ले हुने रु ५,२६,३१,५७९। (अक्षरेपी पाँच करोड छब्बिस लाख एक्तिस हजार पाँच सय उनासी रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(५) सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।**

सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गराउनका लागि कम्पनीले अधिवक्ता श्री लीलामणि पौडेललाई निर्वाचन अधिकृत नियुक्त गरेकोमा निजले सञ्चालक समितिको निर्वाचन गर्न कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका, २०८१ बमोजिम मिति २०८१/०२/१८ मा निर्वाचन कार्यक्रम प्रकाशन गरी निर्वाचन सम्बन्धी तोकिएको सम्पूर्ण कार्यक्रम सम्पन्न भएको जानकारी सभामा गराउँदै सर्वसाधारण शेयरधनी समूहबाट १ जनाको मात्र उम्मेदवारी दर्ता भएको र सो संख्या निर्वाचन गर्नु पर्ने संख्या जति मात्र भएको र सो उम्मेदवारी दर्ता उपर कुनै दावी विरोध नपरेको हुँदा सर्वसाधारण शेयरधनी समूहबाट श्री रविन कुमार नेपाल सञ्चालकमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

निर्वाचन अधिकृतले सर्वसाधारण शेयरधनी समूहबाट कम्पनीको सञ्चालक समितिमा सञ्चालकमा निर्वाचित हुनुभएका श्री रविन कुमार नेपाल प्रचलित कानून एवम कम्पनीको नियमावलीको नियम २७ (३) बमोजिम ४ (चार) वर्ष पदावधिका लागि कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालकमा निर्विरोध निर्वाचित भएको जानकारी गराउनु हुँदै नवनिर्वाचित सञ्चालकको सफल कार्यकालको कामना सहित सञ्चालक निर्वाचित

भएको प्रमाणपत्र प्रदान गर्नुभयो । तत्पश्चात कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव समेतले नवनिर्वाचित सञ्चालकज्युलाई पुष्पगुच्छा तथा खादा लगाई स्वागत गर्नुभयो । सो अवसरमा उपस्थित शेयरधनीहरुबाट करतल ध्वनीका साथ सोको स्वीकृति एवं अनुमोदन गरीयो ।

**(६) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा पुनरावलोकन सम्वन्धमा ।**

कम्पनीको नियमावलीको नियम ३२ (१) को व्यवस्थाले सञ्चालकको पारिश्रमिक, बैठक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ भनि व्यवस्था गरेकोमा सो व्यवस्था बमोजिम हाल कायम रहेको सञ्चालक समितिको बैठक भत्ता, अन्य सुविधा (पत्रपत्रिका, इन्धन तथा मोबाईल खर्च), कम्पनीको कामको सिलसिलामा नेपाल तथा विदेश भ्रमण गर्दाका बखत सञ्चालकलाई प्रदान गरीने दैनिक तथा भ्रमण भत्ता पुनरावलोकन गरी सञ्चालक समितिको बैठक तथा नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको अधिनमा रही गठित समिति तथा उप–समितिमा उपस्थित भए बापत सञ्चालक समितिका अध्यक्षलाई प्रति बैठक रु. २०,०००। (अक्षरेपी बीस हजार मात्र) र सञ्चालकहरुलाई प्रति बैठक रु. १६,०००। (अक्षरेपी सोह्र हजार मात्र), अन्य सुविधा (पत्रपत्रिका, इन्धन तथा मोबाईल खर्च) यस अघि कायम भए बमोजिम यथावत रहने, कम्पनीको कामको सिलसिलामा नेपाल भ्रमण गर्दाका बखत सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकलाई बासस्थान तथा खाना बापत बास्तविक बिलका आधारमा र दैनिक भत्ता बापत अध्यक्षलाई रु. ५,०००। (अक्षरेपी पाँच हजार मात्र) र सञ्चालकहरुलाई रु. ४,०००। (अक्षरेपी चार हजार मात्र), त्यसैगरी कम्पनीको कामको सिलसिलामा विदेश भ्रमण अन्तर्गत भारत भ्रमण गर्दाका बखत सञ्चालक समितिका अध्यक्ष र सञ्चालकहरुलाई बासस्थान तथा खानाका लागि बास्तविक बिलका आधारमा र दैनिक भत्ता बापत अध्यक्षलाई भारु ६,५००। (अक्षरेपी छ हजार पाँच सय भारतिय रुपैया मात्र) र सञ्चालकहरुलाई भारु. ६,०००। (अक्षरेपी छ हजार भारतिय रुपैमा मात्र), सार्क मुलुहरुको भ्रमण गर्दाका बखत सञ्चालक समितिका अध्यक्षलाई बासस्थान तथा खाना खर्च बापत अमेरिकन डलर ३२५ डलर र दैनिक भत्ता बापत अमेरिकन डलर २२५ डलर, त्यसैगरी सञ्चालकहरुलाई बासस्थान तथा खाना खर्च बापत अमेरिकन डलर ३०० डलर र दैनिक भत्ता बापत अमेरिकन डलर २०५ डलर र सार्क मुलुक बाहेक अन्य मुलुकका लागि सञ्चालक समितिका अध्यक्षलाई बासस्थान तथा खाना खर्च बापत अमेरिकन डलर ४२५ डलर र दैनिक भत्ता बापत अमेरिकन डलर ३२५ डलर र सञ्चालकहरुलाई बासस्थान तथा खाना बापत अमेरिकन डलर ४०० डलर र दैनिक भत्ता बापत अमेरिकन डलर ३०० डलर प्रदान गर्न स्वीकृत गरीयोस भनि अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले स्वीकृत गर्‍यो । त्यसैगरी यस अघि सञ्चालक समितिसग

सम्बन्धीत रही भएका दैनिक भ्रमण भत्ता लगायतका सम्पूर्ण खर्चहरु अनुमोदन गरीयोस् भनि अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले अनुमोदन गऱ्यो ।

(ख) विशेष प्रस्तावहरु :

**(१) सञ्चालक समितिबाट प्रस्ताव भई नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भए बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.४,००,००,००,०००। (अक्षरेपी चार अर्ब मात्र) को २५% (अक्षरेपी पच्चिस प्रतिशत) का दरले हुने रकम रु. १,००,००,००,०००। (अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिबाट प्रस्ताव भई नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भए बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.४,००,००,००,०००। (अक्षरेपी चार अर्ब मात्र) को २५% (अक्षरेपी पच्चिस प्रतिशत) का दरले हुने रकम रु. १,००,००,००,०००। (अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्न अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(२) बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. ५,००,००,००,०००। (अक्षरेपी पाँच अर्व मात्र) कायम हुने भई हाल कायम कम्पनीको पूँजी संरचना परिर्वतन हुने भएकोले कम्पनीको प्रबन्ध–पत्र तथा नियमावलीमा सोही बमोजिम संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

विशेष प्रस्ताव अन्तर्गत प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. ५,००,००,००,०००। (अक्षरेपी पाँच अर्व मात्र) कायम हुने भई हाल कायम कम्पनीको पूँजी संरचना परिर्वतन हुने भएकोले कम्पनीको अधिकृत पूँजी रु. ६,००,००,००,०००। (अक्षरेपी छ अर्व) र कम्पनीको तत्काल जारी पूँजी रु. ५,००,००,००,०००। (अक्षरेपी पाँच अर्व मात्र) कायम गरी कम्पनीको प्रबन्ध–पत्र तथा नियमावलीमा सोही बमोजिम संशोधन गर्ने प्रस्ताव पारित गर्न अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(३) कम्पनीको प्रबन्ध–पत्र तथा नियमावली संशोधन गर्ने तथा नियमनकारी निकायबाट प्रबन्ध–पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

कम्पनीको प्रबन्ध–पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव अन्तर्गत कम्पनीको प्रबन्ध–पत्रको दफा ६(क) अन्तर्गत कम्पनीको अधिकृत पूँजी, दफा ६(ख) अन्तर्गत कम्पनीको तत्काल जारी पूँजी, दफा ६ (ग) अन्तर्गत कम्पनीको तत्काल चुक्ता पूँजी र नियमावलीको नियम

३२(१) संग सम्बन्धीत सञ्चालकको बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा देहाय बमोजिम संशोधन गर्ने तथा नियमनकारी निकायबाट प्रबन्ध–पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

देहाय

**प्रबन्ध–पत्रमा देहाय बमोजिमको थप तथा संशोधन गर्ने :**

दफा ६ (क) कम्पनीको अधिकृत पूँजी रु. ६,००,००,००,०००।- (अक्षरेपी छ अर्ब रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ६,००,००,०००। थान साधारण शेयरमा विभाजन गरीएको छ ।

दफा ६ (ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ५,००,००,०००। थान साधारण शेयरमा विभाजन गरीएको छ ।

दफा ६ (ग) कम्पनीको तत्काल चुक्ता पूँजी रु. ५,००,००,००,०००। (अक्षरेपी पाँच अर्ब रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ५,००,००,०००। थान साधारण शेयरमा विभाजन गरीएको छ ।

**नियमावलीको नियम ३२(१) संग सम्बन्धीत सञ्चालको बैंठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा देहाय बमोजिम थप तथा संशोधन गर्ने :**

१. सञ्चालक समितिको बैंठक तथा नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको अधिनमा रही गठित समिति तथा उप–समितिमा उपस्थित भए बापत सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकलाई देहाय बमोजिमको बैंठक भत्ता प्रदान गरीनेछ :

| क.स. | पद (Position) | बैठक भत्ता (प्रति बैठक) |
|---|---|---|
| १ | अध्यक्ष | रु. २०,०००। |
| २ | सञ्चालक | रु. १६,०००। |

२. अन्य सुविधा (पत्रपत्रिका, इन्धन तथा मोबाईल खर्च) यस अघि कायम भए बमोजिम यथावत रहनेछ । (अध्यक्ष तथा सञ्चालकहरुलाई पत्रपत्रिका खर्च बापत मासिक जनहि रु. ६,०००। र मोबाईल खर्च बापत मासिक जनहि रु. ६,०००। र सञ्चालक समितिका अध्यक्षलाई मासिक इन्धन खर्च बापत १४७ लिटर वा सो बराबरको रकम र सञ्चालकहरुलाई मासिक जनहि ९४ लिटर वा सो बराबरको रकम ।)

३. कम्पनीको कामको सिलसिलामा नेपाल भ्रमणको हकमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकलाई देहाय बमोजिमको दैनिक भ्रमण भत्ता प्रदान गरीनेछ:

| क्र. स. | पद (Position) | बासस्थान तथा खाना (Accommodation & Food) | दैनिक भत्ता (Daily Allowance) |
|---|---|---|---|
| १ | अध्यक्ष | वास्तविक (Actual) | ५,०००। |
| २ | सञ्चालक | वास्तविक (Actual) | ४,०००। |

४. कम्पनीको कामको सिलसिलामा विदेश भ्रमणका हकमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष र सञ्चालकलाई देहाय बमोजिमको दैनिक भ्रमण भत्ता प्रदान गरीनेछ:

| पद | भारत (भारतिय मुद्रा) | | सार्क मुलुक (अमेरिकन डलर) | | सार्क मुलुक बाहेक अन्य मुलुक (अमेरिकन डलर) | |
|---|---|---|---|---|---|---|
| | बासस्थान तथा खाना | दैनिक भत्ता | बासस्थान तथा खाना | दैनिक भत्ता | बासस्थान तथा खाना | दैनिक भत्ता |
| अध्यक्ष | बास्तविक (Actual) | ६,५००। | ३२५ | २२५ | ४२५ | ३२५ |
| सञ्चालक | वास्तविक (Actual) | ६,०००। | ३०० | २०५ | ४०० | ३०० |

**(४) कम्पनीको मिति २०८०/०९/०४ गते बसेको सञ्चालक समितिको १८०औं बैठकले सञ्चालक समितिमा रिक्त रहेको संस्थापक शेयरधनी समूहमा बाँकी कार्यकालका लागि संस्थापक शेयरधनीहरुबाट सञ्चालकहरुको नियुक्ति गरेकोमा सो नियुक्ति अनुमोदनका सम्बन्धमा ।**

कम्पनीको मिति २०८०/०९/०४ गते बसेको सञ्चालक समितिको १८०औं बैठकले सञ्चालक समितिमा रिक्त रहेको संस्थापक शेयरधनी समूहमा बाँकी कार्यकालका लागि संस्थापक शेयरधनी समूहबाट श्री सिताराम थापा तथा श्री संदीप अग्रवाललाई नियुक्ति गरेकोमा निजहरुको नियुक्ति अनुमोदन गर्न अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले अनुमोदन गऱ्यो ।

**(५) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम कम्पनीको आर्थिक वर्ष २०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम कम्पनीको आर्थिक वर्ष २०७९/०८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको ८ लाख ९ हजार २ सय ७४ रुपैया खर्च अनुमोदन गर्ने अध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले अनुमोदन गऱ्यो ।

(ग) विविध ।

कम्पनीका अध्यक्षज्यूले विविध प्रस्ताव अन्तर्गत कुनै पनि प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी भई कम्पनीको उन्नति र प्रगतिमा निरन्तर अमूल्य सुझाव र सहयोग गर्ने आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्नुभयो । त्यसैगरी कम्पनी प्रति विश्वास र भरोसा गर्नुहुने समस्त बीमितहरु, नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्टारको कार्यालय, श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनीको शेयर रजिष्टार, निर्वाचन अधिकृत, पुनर्बीमा कम्पनी, कम्पनीको व्यवस्थापन समूह, कर्मचारीहरु,अभिकर्ताहरु, पत्रकारहरु, बैंक तथा वित्तीय संस्थाहरु एवं सम्पूर्ण शुभेच्छुकहरु सबै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै दिनको १.२० बजे सभा बिसर्जन गर्नु भयो ।

प्रकाश न्यौपाने
कम्पनी सचिव

डा. रामहरि अर्याल
अध्यक्ष

मितिः२०८१/०३/०७